राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३९२/२०७१/०७२

निर्णय नं. ७६५

जिल्ला झापा, अनारमनी गा.वि.स. वार्ड नं. ७ बस्ने मनरथ सिलवाल (मोहन) ....................१ निवेदक

विरूद्ध

प्रबन्धक, बुद्ध एयर प्रा.लि., जाउलाखेल, ललितपुर ..........................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला झापा, अनारमनी गा.वि.स. वार्ड नं. ७ बस्ने मनरथ सिलवाल (मोहन)ले बुद्ध एयर प्रा.लि., जाउलाखेल, ललितपुर समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०३।०४ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७१।०६।०१ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको मिति २०७१।०६।०१ च.नं.२१६ को पत्रबाट बुद्ध एयर प्रा.लि., जाउलाखेल, ललितपुरलाई पत्राचार गरिएको । तत् पश्चात आयोगबाट मिति २०७२।०१।०७ मा ताकेता पत्र पठाएको देखिन्छ । उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।